नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
प्रशासन विभाग
(भण्डार शाखा)

फोन: ०१-४४१३८१३, ०१-४४१०४११
Ext: ६८१,६८२,६८३
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

पत्र संख्या: २०८२/०८३ च.नं. ९३८३ मिति: २०८३ असार १२ गते।

प्रा.प.सं. : ने.स. ११४६

बिषय :- आशय पत्रको जानकारी गराईएको।

श्री भोलेनाथ स्क्रेप सेन्टर
धोबिघाट- ३ ललितपुर

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ११ नियम १०८ उपनियम (ग) बमोजिम यस शाखाको मिति २०८३/०२/१९ गते २१ (एक्काइस) दिनको सूचना अनुसार मिति २०८३/०३/०९ गते १२:०० बजे सम्म नियमानुसार दर्ता हुन आएको लिलाम शिलबन्दी बोलपत्र थान-१३ (तेह्र) दर्ता भएकोमा बोलपत्र मूल्याङ्कन समितिका पदाधिकारी, बोलपत्रदाता एवं निजहरूका प्रतिनिधिहरूको रोहवरमा खोली हेर्दा दर्ता नं. ४,६,७,१०,१२ र १३ फर्महरु अयोग्य रहेको साथै दर्ता नं. १,२,३,५,८,९ र ११ दर्ता भएका फर्महरु वा कम्पनीहरुले एकमुष्ट कवोल गरेको रकम १३% मु.अ.कर बाहेक कार्यालयको न्युनतम् रकम भन्दा बढी बोलपत्रहरु नियम संगत हुनुको साथै मूल्य अभिबृद्धि कर बाहेक न्यूनतम मूल्याङ्कित रकम भन्दा बढी रू.४१,००,०००।- (एकचालीस लाख मात्र) कबोल गरेको हुँदा तपाईलाई आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम लिलाम सकार गर्ने आशयको जानकारी गराईएको ब्यहोरा अनुरोध गरिएको छ।

साथै राष्ट्रिय वाणिज्य बैक लि. राजश्व खाता नं. १०००१००२०००१००००शिर्षक नं. १४२१२ मा सरकारी सम्पत्ती लिलाम बिक्री वापत कबोल अंक रु.४१,००,०००।- (एकचालीस लाख मात्र) र कबोल अंकको १३% प्रतिशत हुने मु.अ.कर रकम रु. ५,३३,००० (पाच लाख तेत्तीस हजार मात्र) आन्तरीक राजश्व कार्यालयमा जम्मा गरेको सक्कलै भौचर लिई ७ (सात) दिन भित्र सम्झौता गर्न आउनु होला। अन्यथा तोकिएको मितिमा सम्पर्क राख्न नआएमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम १०८ को उपनियम १२ बमोजिम हुने ब्यहोरा समेत जानकारीको लागी अनुरोध गरिएको छ।

शाखा अधिकारी
पविन्द्र बहादुर बम्म
(प्रहरी नायव उपरीक्षक)

बोधार्थ:-
श्री राजदेवी ट्रेडर्स वानेश्वर काठमाणडौ।
श्री श्रीस्केप वाई एण्ड सेल्स काठमाण्डौ।
श्री भुपति ट्रेडर्स प्रा.लि. काठमाण्डौ।
श्री गुड गुडस वरविट प्रा.लि. चन्द्रागिरी।
श्री समित स्क्रेप सेन्टर सानेपा ललितपुर।
श्री ए एण्ड आर ट्रेडर्स एण्ड सप्लायर्स बालकुमारी।

01c